उमाकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्रिति, रामेछाप

बागमती प्रदेश, नेपाल

पत्रसख्या:–०८१/०८२
चलानी नं:–

मिति: २०८२/०३/३२
ने.सं. ११४४ दिल्लागा,६ बुधबार

## सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण गर्ने सम्वन्धी जरुरी सूचना !

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को नियम (४) तथा सामाजिक सुरक्षा नियमावाली २०७६ को नियम (९)बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षमा परिचयपत्र नवीकरण गर्नुपर्ने भएको हुदाँ आ.व. २०८१/८२ मा भत्ता प्राप्त गरिरहेको लाभग्राहीहरुले निरन्तर आ.व. २०८२/०८३ मा भत्ता प्राप्त गर्नको लागि यही मिति २०८२ साल श्रावन १ गते देखि भदौ मसान्त सम्म अनिवार्य रुपमा आफ्नो वडा कार्यालयमा गई परिचयपत्र नवीकरणको लागि निवेदन दिनुहुन अनुरोध गरिन्छ । तोकिएको समयावधि भित्र आफ्नो परिचयपत्र नवीकरण गर्न छुट भई सामाजिक सुरक्षाभत्ता प्राप्त नभएमा लाभग्राही स्वंयम जिम्मेवार हुने व्यहोराको साथै सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण गर्दा देहाय अनुसार गर्नु गराउनु हुन यसै सुचनामार्फत जानकारी गराईन्छ ।

**देहाय**

१. राष्ट्रिय परिचयपत्र वा परचय नम्वर प्राप्त गरेका लाभग्राहीको हकमा अनिवार्य NIN, Fingerprint scanner वा Iris डिभाइस मार्फत verification गरी सम्वन्धित वडा कार्यालयबाट नवीकरण गरिदिने । यदि कुनै कारणले Biometric Verification हुन नसकेमा अन्य विकल्प जस्तै Alpha Authentication (NID मा उल्लेख भएको वैयक्तिक विवरण तथा Photo)बाट Verification गरी नवीकरण तथा सुचीकरण गरिदिने ।
२. नयाँ लाभग्राहीको रुपमा सूचीकरण हुन वा नवीकरणका लागि लाभग्राहीले NIN उपलब्ध गराएको तर कुनै पनि माध्यमबाट NIN Verification हुन नसकेमा प्रणालीमा सोही कुरा कैफियतमा जनाई सूचीकरण तथा नवीकरण गरिदिने ।
३. बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने,अशक्त,असाहय वा नब्बे वर्ष माथिका जेष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र नभए तापनि लाभग्राहीको रुपमा सूचीकरण वा नवीकरण गरिदिने ।

०।२।३।३२
अभिजीत सुनुवार
प्रमुख प्रशासकीय अधिकृत

उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्रसंख्याः–०८१/०८२
चलानी नं.:–

४. म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरिने र लगत कट्टा भएको व्यक्तिले पुन: लाभग्राहीमा सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोही बमोजिम गरिदिने ।

५. आर्थिक वर्ष ०८२/०८३ को बजेट वक्तव्यको बुदा नं. ३७५ मा आगामी आर्थिक वर्षदेखि (२०८२/०४/०१देखि ) ७० वर्ष पूरा भएका नागरिकले जेष्ठ नागरिक भत्ता प्राप्त गर्ने व्यवस्था उल्लेख भएको हुँदा सोही बमोजिम जेष्ठ नागरिक अन्तर्गत नयाँ लाभग्राही सूचीकरण गर्ने । हाल प्राप्त गरीरहेका, दुर्गम क्षेत्र र लक्षित वर्गको जेष्ठ नागरिकका हकमा भत्ता पाउने उमेर यथावत रहेकाले सोही बमोजिम नवीकरण गरिदिने ।

६. सामाजिक सुरक्षा भत्ता नविकरण गर्न बालबालिका, अत्तिअशक्त र पूर्ण अपाङ्गता भएका र हिडडुल गर्न नसक्ने जेष्ठ नागरिक बाहेक अरुको हकमा लाभग्राही स्वंयम आफ्नो वडा कार्यालयमा उपस्थित भई सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसुची –२ को ढाँचामा निवेदन दिनुपर्नेछ ।

७. बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने,अशक्त,असाहय वा नब्बे वर्ष माथिका जेष्ठ नागरिकको हकमा संरक्षक वडा कार्यालयमा उपस्थित भई सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसुची –२ को ढाँचामा निवेदन दिन सक्नेछ ।

८. परिचयपत्र नवीकरण गर्दा आवश्यक कागजातहरु :

- नागरिकताको प्रतिलिपी
- बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपी
- विधवाको हकमा पतिको मृत्युदर्ताको प्रतिलिपी
- अपाङ्गताको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपी
- अविवाहित महिलाको हकमा अविवाहित प्रामाणितको प्रतिलिपी र ६० वर्ष ननाघेको विधवाको हकमा अर्को विवाह नगरेको सिफारिसको प्रतिलिपी
- हकवाला वा संरक्षमको नागरिकताको प्रतिलिपी

०८२।३।३२

अभिजीत सुनुवार
प्रमुख प्रशासकीय अधिकृत